२३.

**मूल्य अभिवृद्धि कर भुक्तानी -** मूल्य अभिवृद्धि कर नियमावली, २०५४ (संसोधन २०७६) अनुसार, ६.५ प्रतिशत मूल्य अभिवृद्धि कर भूक्तानी गर्ने कार्यालयले सम्बन्धित करदाताको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले देहाय अनुसारको फर्महरुलाइ रु.२३७९०५।०० मूल्य अभिवृद्धि कर नगरी कटटा भुक्तानी गरेकोले सो रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

२३७९०५

| मिति | फर्मको नाम | मुल्य अभिवृद्धि कर | आधा कर |
|---|---|---|---|
| ७४१।२०७६।०२।१६ | रेनता निर्माण सेवा हयुम पाइप खरीद | १७२५८१ | ८६२९१ |
| ९६६।२०७६।०३।२५ | प्रेमा कन्स्ट्रसन एण्ड सप्लार्यस | ३०३२२८ | १५१६१४ |
| | जम्मा | ४७५८०९ | २३७९०५ |

२४.

**विज्ञापन छुट -** सरकारी विज्ञापन प्रकाशन गरे वापत गोरखापत्र संस्थानले बिल रकममा २५ प्रतिशत र कान्तिपुर, नागरिक, राजधानी, अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स, आर्थिक कारोवार जस्ता राष्ट्रिय दैनिक प्रकाशनले १५ प्रतिशत छुट दिने व्यवस्था गरेको र उक्त छुटको व्यवस्था प्रकाशन वा एजेन्सी मार्फत कारोवार गर्दा बिल रकममा छुट लिएर मात्र कार्यालयले भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले विभिन्न मितिमा नागरीक दैनिक, राजधानी दैनिक लगायतका पत्रिकामा विभिन्न एजेन्सी मार्फत विज्ञापन प्रकाशन गरी मु.अ.कर बाहेक रु.६,७०,१००। भुक्तानी दिंदा संस्थागत छुट १५ प्रतिशतले लिएको देखिएन । यसरी सस्थागत छुट नलिदा गाउँपालिकालाई थप व्ययभार पारेको देखिएकोले सो रकम असूल हुनु पर्ने रु.

११३५८२

| भौ.नः मिति | एजेन्सी | मु.अ. कर वाहेको भुक्तानी | छुट लिएर भुक्तानी दिनु पर्ने | छुट नलिई भुक्तानी दिएको | नलिएको छुट | कैफियत |
|---|---|---|---|---|---|---|
| ६६-२०७५/०६/२३ | नेप्ली मिडिया प्रा.लि. | ८०००० | ७६८४० | ९०४०० | १३५६० | सुचना प्रकाशन |
| २४०-२०७५/०९/२५ | नयन एडभरटाइजिङ्ग | १३०१०० | १२४६६१ | १४७०१३ | २२०५१ | वोलपत्रको सुचना |
| ४०३-२०७५/१२/२७ | पाथिभरा एडभरटाईजिङ्ग | १४०००० | १३४४७० | १५८२०० | २३७३० | वोलपत्रको सुचना |
| ५२४-२०६७/०२/३० | रिभर एडभरटाईजिङ्ग सर्भिसेज | ७२८०० | ६९९२५ | ८२२६४ | १२३४० | आर्थिक प्रस्ताव खोल्ने सुचना |
| ५५७-२०७६/०३/११ | रिभर एडभरटाईजिङ्ग सर्भिसेज | १५०००० | १४४०७५ | १६९५०० | २५४२५ | वोलपत्र आह्वानको सुचना |
| ५५८-२०७६/०३/११ | स्माईल एडभरटाईजिङ्ग | ९७२०० | ९३३६० | १०९८३६ | १६४७६ | शिलवन्दी दरभाउपत्र |
| | **जम्मा** | **६७०१००** | **६४३३३१** | **७५७२१३** | **११३५८२** | |

**शसर्त अनुदान तर्फ**

<table>
<tr><td>२५</td><td>प्रतिवेदन - हात्तिपाइले २७६-२०७६।०३।३१ प्रदेश नं १ आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३७ (५) मा सरकारी निकायवाट कुनै तालिम सेमिनार गोष्ठी आदि सञ्चालन गर्दा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराउनुपर्ने र त्यस्तो तालिम गोष्ठि सञ्चालन भइसके पछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्दछ । हात्ति पाइले विरुद्धको आम औषधि सेवन (एमडीए) कार्यक्रममा श्री तुलसीराम काफ्लेको पेश्की फछ्यौट रु.३८७०००।०० गरेकोमा लागत अनुमान स्वीकृत नभएको तथा खर्च देखिने गरी प्रतिवेदन तयार गरेको पाइएन । स्वास्थ तथा जनसंख्या मन्त्रालय अन्तरगत स्थानीय तहवाट सञ्चालन गरिने कार्यक्रमहरुको कार्य सञ्चालन मार्ग दर्शन २०७५/७६ मा तराईमा एक स्वास्थय कर्मी वरावर दिनको १५० घर परिवारलाई औषधि ख्वाउनुपर्ने व्यवस्था छ । कार्यक्रममा विभिनन स्वास्थयकर्मी परिचालन गरि १४४ दिनको खाजा र यातायात खर्च रु.१००८००।००लेखेको पाइयो ।पालिकामा कुल घरधुरी संख्या ११३४१ प्रतिवेदनमा उल्लेख भएकोमा कति घर परिवारलाई औषधि ख्वाइयो उल्लेख भएको पाइएन ।</td><td></td></tr>
<tr><td>२६.</td><td>निशुल्क वितरण हुने औषधिको प्राप्ति, उपयोग र मौज्दातको अवस्था - यस कार्यालयवाट खरिद भएका र अन्यत्रवाट हस्तान्तरण भई आएका ५ प्रकारका औषधिको प्राप्ति, उपयोग र मौज्दातको स्थितिको परिक्षण गर्दा देखिएको व्यहोरा देहाय वमोजिम रहेको छ ।
<table>
<tr><th>सि.नः</th><th>औषधिको नाम</th><th>यस वर्षको खरिद तथा प्राप्ति</th><th>यस वर्षको खर्च</th><th>वाँकी मौज्दात</th><th>निशुल्क को लोगो</th><th>म्याद समाप्त हुने मिति</th></tr>
<tr><td>१</td><td>Salbutamol 4mg</td><td>१६०००</td><td>११०००</td><td>५०००</td><td>%</td><td>May2020</td></tr>
<tr><td>२</td><td>Paracetemole500mg</td><td>९३०००</td><td>८३०००</td><td>१००००</td><td>%</td><td>July2022</td></tr>
<tr><td>३</td><td>Amoxicillin 500mg</td><td>४७०००</td><td>४१०००</td><td>६०००</td><td>%</td><td>Nov2020</td></tr>
<tr><td>४</td><td>Renitidine 150mg</td><td>६५०००</td><td>५९०००</td><td>६०००</td><td>%}g</td><td>Jan2019</td></tr>
<tr><td>५</td><td>Metronidazole 400mg</td><td>१७०००</td><td>१५०००</td><td>२०००</td><td>%</td><td>Dec2021</td></tr>
</table>
औषधीको मौज्दात प्रणाली स्तरीय हुन सोको प्राप्ति र निकासी विच सन्तुलन कायम रहनु पर्दछ । Authorised Stock Level, Emergeny Order point, औषधी प्राप्त हुने र वितरण समय, Lead time, Maximum consumption आइटम, Minimum consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नु पर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्त प्रक्रिया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले घटी एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद भुक्तानी हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्नु पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>तराई मधेस समृद्धि कार्यक्रम तर्फ - निर्माण व्यवासायी विमोचन कन्सट्रक्सन प्रा.लि को विजक विल ५०।२०७६।३।१४ अनुसार १४,६७,००० को विलमा १४,६६,६४१।- भुक्तानीमा विजकको मु.अ कर १६८७७०।०० को भुक्तानीमा आन्तरिक राजश्व विभागको २०७६।२।२६ को परिपत्र अनुसार मु.अ कर भुक्तानीको ५० प्रतिशत मु.अ कर कट्टी गर्नुपर्नेमा कट्टी नगरेकोले असूल गर्नुपर्ने रु</td><td>८४३८५</td></tr>
<tr><td></td><td>शिक्षक तलव भत्ता</td><td></td></tr>
<tr><td>२८.</td><td>समानीकरणवाट तलव - शिक्षक तलव भत्तामा पूजीगतमा रु.१३१०४००।०० छुट्याई विद्यालयलाई अनुदान निकाशा गरेको छ । शिक्षक तलब भत्ता लगायतको रकम सशर्त अनुदान (शिक्षा) वाट प्राप्त हुने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समानीकरण अनुदानवाट शिक्षकको तलव भत्ता वापतको अनुदान दिन र छुट्याउन पाउने अवस्था देखिदैन । पूँजी निर्माण तथा पूँजीगत कार्य प्रकृतिमा समानीकरण अनुदान प्रयोग नगरी उपभोग प्रकृतिको खर्चमा अनुदान दिने संस्कार कानून विपरीत छ । तसर्थ यस्तो प्रकृतिको खर्चलाई नियन्त्रण गरिनु पर्ने देखिएको रु.</td><td>१३१०४००</td></tr>
<tr><td>२९.</td><td>आर्थिक विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्च, सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको अवस्था समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन ।</td><td></td></tr>
</table>

